# शिक्षक सेवा आयोगका अध्यक्ष र सदस्य नियुक्तिका लागि सिफारिस गर्न गठित सिफारिस समितिको बैठक र छनोट सम्बन्धी कार्यविधि, २०८३

शिक्षा ऐन, २०२८ को दफा ११ख. को उपदफा (३) बमोजिम शिक्षक सेवा आयोगको रिक्त अध्यक्ष र एक जना महिला सहित दुई जना सदस्य नियुक्तिका लागि नेपाल सरकारलाई सिफारिस गर्न लोक सेवा आयोगका कार्यवाहक अध्यक्षको अध्यक्षतामा गठन भएको सिफारिस समितिले शिक्षा ऐन, २०२८ को दफा ११ख. को उपदफा (३) को प्रयोजनको लागि यो कार्यविधि बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**: (१) यस कार्यविधिको नाम ''शिक्षक सेवा आयोगका अध्यक्ष र सदस्य नियुक्तिका लागि सिफारिस गर्न गठित सिफारिस समितिको बैठक र छनोट सम्बन्धी कार्यविधि, २०८३'' रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा:</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमा;-

(क) "अध्यक्ष" भन्नाले शिक्षा ऐनको दफा ११ख. को उपदफा (३) बमोजिमको सिफारिस समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "आयोग" भन्नाले शिक्षक सेवा आयोग सम्झनु पर्छ।

(ग) "ऐन" भन्नाले शिक्षा ऐन, २०२८ सम्झनु पर्छ।

(घ) "कार्यविधि" भन्नाले ''शिक्षक सेवा आयोगका अध्यक्ष र सदस्य नियुक्तिका लागि सिफारिस गर्न गठित सिफारिस समितिको बैठक र छनोट सम्बन्धी कार्यविधि, २०८३'' सम्झनु पर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले शिक्षा तथा खेलकुद मन्त्रालय सम्झनु पर्छ।

(च) "समिति" भन्नाले शिक्षक सेवा आयोगका अध्यक्ष र सदस्यहरुको नियुक्तिका लागि सिफारिस गर्न गठित सिफारिस समिति सम्झनु पर्छ।

(छ) "सचिवालय" भन्नाले शिक्षक सेवा आयोग सम्झनु पर्छ ।

३. **<u>बैठक र निर्णय प्रक्रिया:</u>** समितिको बैठक र निर्णय प्रक्रिया देहायबमोजिम हुनेछ:-

(१) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठकमा अध्यक्ष र कम्तिमा एकजना सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको निर्णय सर्वसम्मतिमा हुनेछ । सर्वसम्मत हुन नसकेमा अध्यक्ष सहितको बहुमतले गरेको निर्णय मान्य हुनेछ ।

(५) समितिको निर्णय अध्यक्षको हस्ताक्षरबाट प्रमाणित भएको मानिनेछ ।

(६) समितिमा आमन्त्रित सदस्यहरु आवश्यकता अनुसार राख्न सकिनेछ ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**४. <u>नियुक्तिका लागि सिफारिस गर्न अवलम्बन गर्ने प्रक्रिया</u>:** (१) समितिले प्रतिस्पर्धाका आधारमा देहाय बमोजिम छनौट प्रक्रिया अवलम्बन गरी अध्यक्ष र सदस्यको नियुक्तिका लागि सिफारिस गर्नेछ ।

(क) सार्वजनिक सूचना प्रकाशन गरी तोकिएको विवरणसहितको दरखास्त माग गर्ने,

(ख) प्राप्त दरखास्त उपर छानविन गरी स्वीकृत भएका उम्मेदवारको सूची प्रकाशन गर्ने,

(ग) दरखास्त स्वीकृत भएका उम्मेदवारको व्यावसायिक कार्ययोजनाको परीक्षण गर्ने/गराउने,

(घ) व्यावसायिक कार्ययोजना प्रस्तुतीकरण गर्न लगाउने,

(ङ) अन्तर्वार्ता लिने ।

(२) उम्मेद्वारको अनुभव, व्यावसायिक कार्ययोजनाको मूल्याङ्कन, व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण र अन्तर्वार्तामा प्राप्त सबै अङ्क जोडी सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारलाई योग्यताक्रमका आधारमा अध्यक्ष पदका लागि एक जना र सदस्य पदका लागि एक महिला सदस्य सहित दुई जनाको नाम नियुक्तिका लागि नेपाल सरकारलाई सिफारिस गर्नेछ ।

**५. <u>उम्मेद्वारको योग्यता</u>:** अध्यक्ष र एक महिलासहित दुई सदस्य पदको लागि दरखास्त पेश गर्न देहायको योग्यता भएको हुनु पर्नेछ:-

(क) नेपाली नागरिक,

(ख) नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्त गरेको,

(ग) नियुक्त हुनुभन्दा कम्तीमा दुई वर्ष अगाडिदेखि कुनै राजनीतिक दलको सदस्य नरहेको,

(घ) चालीस वर्ष उमेर पुरा भई पैसठ्ठी वर्ष ननाघेको,

(ङ) अध्यक्षको लागि नेपाल सरकारका विशिष्ट श्रेणीको अनुभव प्राप्त गरेको र सदस्यको लागि कानून, शिक्षा वा प्रशासनको क्षेत्रमा कम्तीमा पन्ध्र वर्ष काम गरेको ।

**६. <u>अध्यक्ष र सदस्य पदमा नियुक्ति हुनका लागि अयोग्यता</u>:** शिक्षक सेवा आयोगको अध्यक्ष र सदस्य पदमा नियुक्ति हुनका लागि ऐनको दफा ११घ. बमोजिम तथा देहायको अयोग्यता नभएको हुनुपर्नेछ;

(क) गैर नेपाली नागरिक,

(ख) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागु औषध बिक्री वितरण तथा ओसारपसार, बैंक तथा वित्तीय संस्था वा सहकारीको रकम हिनामिना, ठगी, सम्पत्ति शुद्धीकरण, अवैध रुपमा वन्यजन्तुको ओसारपसार, सङ्गठित अपराध, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय पाएको,

(ग) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिएको,

**स्पष्टीकरण:** यस खण्डको प्रयोजनका लागि "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा नतोकी सो मुलुकमा स्थायी रुपले बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभरसिटी इमिग्रेन्ट भिसा (डि.भि.), परमानेन्ट रेजिडेन्ट भिसा (पि.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ ।

(घ) बैङ्क तथा वित्तीय संस्था वा सहकारी संस्थाको ऋण नतिरेको कारण प्रचलित कानून बमोजिम कालोसूचीमा परेको ।

**७. दरखास्त माग गर्ने:** (१) समितिले अध्यक्ष र एक महिलासहित दुई जना सदस्य पदको लागि योग्य उम्मेद्वारको छनोट गरी सिफारिस गर्न १५ (पन्ध्र) दिनको समय दिई सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिका, मन्त्रालय र आयोगको वेबसाइटमा प्रकाशन गरिनेछ ।

(३) उम्मेदवारले दरखास्तसाथ देहायका विवरणहरु खुल्ने स्वयम् प्रमाणित कागजातहरु समावेश गर्नु पर्नेछ:-

(क) नियुक्ति हुन चाहेको पदको बेहोरा खुल्ने कार्यविधिको अनुसूची-१ बमोजिमको दरखास्तका लागि आवेदनको विवरण,

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) न्यूनतम शैक्षिक योग्यता सम्बन्धी प्रमाणपत्रको प्रतिलिपि (विदेशी शैक्षिक संस्थाको प्रमाणपत्र भए समकक्षताको प्रमाणपत्र),

(घ) सम्बन्धित क्षेत्रमा एक वर्ष भन्दा बढी अवधी काम गरेको अनुभव स्पष्ट खुल्ने सम्बन्धित संस्थाको प्रमाणित कागजातहरू,

(ङ) सम्पर्क खुल्ने व्यक्तिगत विवरण,

(च) दरखास्त दिने अन्तिम मितिसम्म पैसट्ठी बर्ष उमेर पूरा नभएको बेहोरा खुलेको प्रमाण,

(छ) हालसालै खिचेको पासपोर्ट साइजको फोटो दुईप्रति ,

(ज) दरखास्त दिने पदसँग सम्बन्धित अन्य कुनै कागजात भए सो को प्रमाणित प्रतिलिपि,

(झ) कार्यविधिको अनुसूची-२ बमोजिमको स्व:घोषणा,

(ञ) दरखास्त दस्तुर तिरेको रसिद ।

(४) उम्मेद्वारले दरखास्त दस्तुर बापत प्रत्येक पदका लागि रु. ५०००/- (पाँच हजार) बुझाउनु पर्नेछ ।

८. **<u>अवधारणापत्रसहितको</u> <u>व्यावसायिक कार्ययोजना पेश गर्नुपर्ने</u>:** (१) उम्मेद्वारले दरखास्त साथ संस्थाको अवधारणापत्रसहितको व्यावसायिक कार्ययोजनाको तीन/तीन प्रति तयार गरी देहायबमोजिम पेश गर्नु पर्नेछ;

(क) ५००० (पाँच हजार) शब्दमा नबढाई तयार गरेको अवधारणापत्रसहितको व्यावसायिक कार्ययोजना,

(ख) नेपाली वा अङ्ग्रेजी भाषामा A4 Size को कागजमा कम्प्युटर टाइप गरिएको कार्ययोजना,

(ग) कार्यविधिको अनुसूची-३ बमोजिम पहिलो पृष्ठसहितको व्यावसायिक कार्ययोजना ।

(२) पेश गरेको अवधारणापत्रसहितको व्यावसायिक कार्ययोजनाको तीन प्रतिमध्ये कुनै एकप्रतिको प्रत्येक पृष्ठमा उम्मेद्वारले दस्तखत गरी छुट्टै खाममा शिलबन्दी गर्नुपर्नेछ । सो बाहेक अन्य दुई प्रतिको कुनै पनि पृष्ठमा कहींकतै नाम, दस्तखत वा आफूलाई चिनाउने कुनै सङ्केत नगरी छुट्टै खामभित्र राखी शिलबन्दी गर्नु पर्नेछ र दुवै सिलबन्दी गरिएको खामलाई अर्को ठुलो खामभित्र राखी शिलबन्दी गरी पेश गर्नु पर्नेछ ।

(३) अवधारणापत्रसहितको व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण (Hard Copy र Soft Copy) पेन ड्राइभ समेत छुट्टै खाम भित्र शिलबन्दी गरी पेश गर्नुपर्नेछ ।

९. **<u>छनौट विधि</u>:** समितिले योग्य उम्मेदवार छनौट गर्न दरखास्तसाथ प्राप्त कागजात विवरण छानबिन गरी मूल्याङ्कनका लागि देहायका विधिहरु अवलम्बन गर्नेछः-

(क) अनुभव वापतको अङ्क गणना,

(ख) अवधारणापत्रसहितको व्यावसायिक कार्ययोजनाको मूल्याङ्कन,

(ग) व्यवसायिक कार्ययोजनाको प्रस्तुतीकरण,

(घ) अन्तर्वार्ता ।

१०. **<u>मूल्याङ्कनका आधारहरु</u>:** (१) उम्मेद्वारको मूल्याङ्कन देहायका आधारमा गरिने छः-

| | |
|---|---|
| **क. <u>अनुभव</u>** –<br>(१) अध्यक्ष पदका लागि नेपाल सरकारको विशिष्ट श्रेणीको अनुभवको हकमा प्रतिवर्ष २ अङ्क, सहसचिवका लागि प्रतिवर्ष १.५ अङ्क, उपसचिव वा सो सरहका लागि प्रतिवर्ष १ अङ्क र शाखा अधिकृत वा सो सरहका लागि प्रतिवर्ष ०.५ अङ्कका दरले बढीमा -<br>(२) सदस्य पदका लागि तोकिए बमोजिमको न्यूनतम भन्दा बढी अनुभवका लागि शिक्षा, कानून र प्रशासनको क्षेत्रमा अधिकृतस्तरमा कार्य गरेको अनुभव वापत (सहसचिव वा सो सरह र सोभन्दा माथिको अनुभव वापत प्रतिवर्ष २ अङ्क, उपसचिव वा सो सरहको पदको अनुभव वापत प्रतिवर्ष १.५ अङ्कका दरले र शाखा अधिकृत वा सो सरह पदका लागि प्रतिवर्ष १ अङ्कका दरले बढीमा - | २० अङ्क |

| | |
|---|---|
| **ख. न्यूनतम शैक्षिक योग्यता (प्रथम श्रेणी १०, द्वितीय श्रेणी ८, तृतीय श्रेणी ६ अङ्क)** | १० अङ्क |
| **ग. आयोगको <u>अवधारणापत्र सहितको व्यावसायिक कार्ययोजनाको मूल्याङ्कन</u>**<br>(अ) आयोगको अवधारणा-पत्र - ५ अङ्क<br>(आ) आयोगको व्यावसायिक कार्ययोजना - १० अङ्क<br>(इ) विद्यमान समस्या, चुनौती र अवसर - ७.५ अङ्क<br>(ई) भावी रणनीतिक योजना – ७.५ अङ्क | ३० अङ्क |
| **घ. अवधारणापत्र सहितको व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण** | २० अङ्क |
| **ङ. अन्तर्वार्ता** | २० अङ्क |
| **जम्मा** | **१०० अङ्क** |

(२) अवधारणापत्र सहितको व्यावसायिक कार्ययोजनाको मूल्याङ्कन, प्रस्तुतीकरण र अन्तर्वार्तामा अधिकतम ७०% भन्दा बढी र न्यूनतम ४०% भन्दा कम अङ्क दिँदा पुष्ट्याई दिनुपर्नेछ । प्रस्तुतीकरण तथा अन्तर्वार्ता समितिका बहुमत सदस्यले कुनै उम्मेदवारलाई ७०% भन्दा बढी र ४०% भन्दा कम अङ्क प्रदान गरेकोमा मात्र त्यस्तो अङ्क गणना गरिनेछ। बहुमत सदस्यले त्यसरी अङ्क प्रदान नगरेकोमा ७०% भन्दा बढी अङ्कलाई ७०% र ४०% भन्दा कम अङ्कलाई ४०% कायम गरिनेछ।

(३) अवधारणापत्रसहितको व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरणका लागि ३० मिनेटको समय दिइनेछ । यस मध्ये २० मिनेट प्रस्तुतीकरण र १० मिनेट प्रश्न उत्तर समय हुनेछ ।

(४) अवधारणापत्रसहितको व्यावसायिक कार्ययोजना प्रस्तुतीकरण र अन्तर्वार्ता वापतको अङ्क समितिका अध्यक्ष तथा सदस्यहरुले छुट्टाछुट्टै फाराममा दिई औषत हिसाब गरी प्राप्ताङ्क कायम गरिनेछ ।

(५) अनुभवको श्रेणीगत समकक्षता निर्धारण सम्बन्धमा समितिले निर्णय गरे बमोजिम हुनेछ ।

**११.** **<u>अवधारणापत्रसहितको व्यावसायिक कार्ययोजनाको मूल्याङ्कन</u>:** व्यावसायिक कार्ययोजनाको मूल्याङ्कन विधि समितिबाट तोकिएबमोजिम हुनेछ ।

**१२.** **<u>संक्षिप्त सूची प्रकाशन गर्ने</u>:** (१) अध्यक्ष र एक महिला सहित दुई जना सदस्य पदमा तोकिएको समयभित्र पेश हुन आएका दरखास्तको आधारमा कार्यविधिको दफा १० को उपदफा (१) को खण्ड (क) र (ख) अनुसार मूल्याङ्नमा प्राप्त गरेको अङ्कको आधारमा अध्यक्ष र एक महिलासहित दुई जना सदस्य पदका लागि जुन पदको लागि उम्मेद्वारी परेको हो सोही उम्मेद्वारहरु मध्ये प्रत्येक पदको लागि सबैभन्दा बढी अङ्क प्राप्त गर्ने बढीमा दश जना उम्मेदवारको वर्णानुक्रमानुसारको संक्षिप्त सूची (Short List) अवधारणापत्रसहित व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण र अन्तर्वार्ताका लागि प्रकाशन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि जुन पदमा दश जना भन्दा कम उम्मेदवारको आवेदन परेमा उक्त पदको लागि उपदफा (१) बमोजिमको संक्षिप्त सूची (Short List) प्रकाशन गरिने छैन ।

१३. **नियुक्तिका लागि सिफारिस:** (१) समितिले उम्मेदवारको अनुभव, अवधारणापत्रसहितको व्यावसायिक कार्ययोजनाको मूल्याङ्कन,अवधारणापत्रसहितको व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण तथा अन्तर्वार्ताको औसत अङ्कका आधारमा सबै भन्दा बढी अङ्क प्राप्त गर्ने अध्यक्ष पदका उम्मेद्‌वार र एक महिला सदस्यसहित दुई जना सबै भन्दा बढी अङ्क प्राप्त गर्ने सदस्य पदका उम्मेद्‌वारलाई योग्यताक्रमका आधारमा आयोगको अध्यक्ष र सदस्य पदमा नियुक्तिका लागि नेपाल सरकार समक्ष सिफारिस गर्नेछ ।

(२) समितिले उपदफा (१) बमोजिम सिफारिस गर्ने कार्य लोक आयोगको स्थापित विधि र प्रक्रिया बमोजिम हुनेछ ।

१४. **विषय विज्ञ वा दक्षको सहयोग लिन सक्ने:** (१) समितिले दरखास्तको स्वीकृति सम्बन्धी कार्य, अवधारणापत्र सहितको व्यावसायिक कार्ययोजनाको मूल्याङ्कन र प्रस्तुतीकरण तथा अन्तर्वार्ताको लागि आवश्यकता अनुसार विषय विज्ञ वा दक्षको सेवा लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रयोजनका लागि समितिले विषय विज्ञ वा दक्षको सूची तयार गर्नेछ ।

(३) समितिले तयार गरेको विषय विज्ञ वा दक्षको सूचीबाट सिफारिस समितिको अध्यक्षले विषय विज्ञ वा दक्षको मनोनयन गर्नेछ ।

१५. **दरखास्त रद्द वा पुन: आव्हान गर्न सक्ने:** (१) अध्यक्ष र एक महिला सदस्य सहित प्रत्येक पदमा पाँच/पाँच जना भन्दा कम संख्यामा दरखास्त परेमा समितिले ७ (सात) दिनको म्याद दिई उक्त पदमा पुनः दरखास्त आव्हान गर्नेछ । यसरी पुन: दरखास्त आव्हान गर्दा समेत पाँच/पाँच भन्दा कम संख्यामा दरखास्त परे पनि प्राप्त दरखास्तको आधारमा समितिले प्रक्रिया अघि बढाउन सक्नेछ ।

(२) प्राप्त दरखास्तमध्ये रीत नपुगी आएका तथा गलत वा झुठ्ठा कागजपत्र पेश गरेको उम्मेदवारको दरखास्त समितिले जुनसुकै चरणमा रद्द गर्नेछ ।

१६. **खर्चसम्बन्धी व्यवस्था:** समितिको बैठक तथा छनोट सम्बन्धी व्यवस्थापकीय खर्च लोक सेवा आयोगको प्रचलित खर्च व्यवस्थापन कार्यविधि तथा समितिको निर्णय बमोजिम आयोगले व्यवस्था गर्नेछ ।

१७. **सचिवालय:** (१) समितिको सचिवालय आयोगमा रहनेछ ।

(२) समितिका लागि आवश्यक कर्मचारी सचिवालयले व्यवस्था गर्नेछ ।

१८. **कागजपत्रको संरक्षण:** (१) समितिले सिफारिस सम्बन्धी कार्य सम्पन्न गरिसकेपछि तत्सम्बन्धी सम्पूर्ण कागजातहरू सचिवालयमा सुरक्षित राख्नु पर्नेछ ।

(२) समितिले गरेको मूल्याङ्कन सम्बन्धी सम्पूर्ण कागजात गोप्य रहनेछन् ।

१९. **कार्यविधिमा हेरफेर:** समितिले यस कार्यविधिमा आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ।

२०. **बाधा अड्काउ फुकाउ:** यस कार्यविधिको कार्यान्वयनमा बाधा अड्काउ परेमा समितिको निर्णय बमोजिम हुनेछ ।

## अनुसूची –१

## दरखास्तको लागि आवेदनको ढाँचा

(दफा ७ को उपदफा (३) को खण्ड (क) सँग सम्बन्धित )

मिति: .....................

श्रीमान् अध्यक्षज्यू,
शिक्षक सेवा आयोगको अध्यक्ष/सदस्य/महिला सदस्यको पदमा नियुक्तिका लागि सिफारिस समिति ।

### विषय: दरखास्तका लागि आवेदन पेश गरेको सम्बन्धमा ।

महोदय,

शिक्षक सेवा आयोगको अध्यक्ष/सदस्य/महिला सदस्यको पदमा नियुक्तिका लागि सिफारिस समितिबाट मिति ........................................... मा प्रकाशित सूचनाबमोजिम देहायका विवरण संलग्न गरी दरखास्तका लागि आवेदन पेश गरेको छु;

उम्मेदवारको नाम, थरः

जन्म मितिः

आमाको नाम, थर:

बाबुको नाम, थरः

बाजेको नाम, थरः

स्थायी ठेगानाः

प्रदेश: जिल्लाः

गाउँपालिका/नगरपालिकाः वडा नम्बर:

मोबाइल नंः

ईमेल ठेगाना:

**<u>शैक्षिक योग्यता सम्बन्धी विवरण</u>**

| शैक्षिक संस्थाको नाम, ठेगाना | उपाधि | अध्ययन बर्ष | | श्रेणी/ प्रतिशत/ GPA | कैफियत |
|---|---|---|---|---|---|
| | | देखि | सम्म | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**<u>अनुभव सम्बन्धी विवरण</u>**

| संस्था/निकायको नाम, ठेगाना | पद, श्रेणी/तह | कार्यरत अवधि | | मुख्य जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|
| | | देखि | सम्म | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

माथि उल्लिखित विवरण ठिक साँचो छ । झुठ्ठा ठहरिएमा कानुन बमोजिम सहुँला, बुझाउँला ।

उम्मेदवारको दस्तखत:

मिति:

ल्याप्चे सहीछाप

| दायाँ | बाँया |
|---|---|
| | |

## अनुसूची-२
## उम्मेदवारको स्व-घोषणा
(दफा ७ को उपदफा (३) को खण्ड (झ) सँग सम्बन्धित)

### विषय :<u>स्वःघोषणा सम्बन्धमा </u>।

प्रस्तुत विषयमा शिक्षक सेवा आयोगको अध्यक्ष/सदस्य पदका लागि आवेदनका साथमा देहाय बमोजिमको घोषणा गर्दछु;

| | | छ | छैन |
|---|---|---|---|
| (क) | भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागु औषध बिक्री वितरण तथा ओसारपसार, बैंक तथा वित्तीय संस्था वा सहकारीको रकम हिनामिना, ठगी, सम्पत्ति शुद्धीकरण, अवैध रुपमा वन्यजन्तुको ओसारपसार, सङ्गठित अपराध, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय पाएको, | ☐ | ☐ |
| (ख) | कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिएको, | ☐ | ☐ |
| (ग) | बैङ्क तथा वित्तीय संस्था वा सहकारी संस्थाको ऋण नतिरेको कारण प्रचलित कानून बमोजिम कालोसूचीमा परेको, | ☐ | ☐ |
| (घ) | दुई वर्ष अगाडिदेखि कुनै राजनीतिक दलको दलको सदस्य भए, नभएको | ☐ | ☐ |
| (ङ) | शिक्षक सेवा आयोगसँग कुनै किसिमको स्वार्थको द्वन्द्व (Conflict of Interest) भएको । | ☐ | ☐ |

माथि उल्लेख गरिएका विवरण ठिक साँचो हो भनी स्वःघोषणा गर्दछु। झुटो ठहरिएमा कानूनबमोजिम सहुँला, बुझाउँला ।

**<u>उम्मेदवारको</u>**

हस्ताक्षरः.......................................................................................

नाम, थर-: ......................................................................................

ठेगाना-: ........................................................................................

सम्पर्क नम्बरः.................................................................................

## अनुसूची-३

## अवधारणापत्रसहितको व्यावसायिक कार्ययोजनाको पहिलो पृष्ठ

(दफा ८ को खण्ड (ग) सँग सम्बन्धित)

**प्रथम संकेत नं:**

**प्रथम संकेत नं:**

**दोस्रो संकेत नं:**

**उम्मेदवारको नाम, थर:**

**दोस्रो संकेत नं:**

**आमाको नाम, थर:**

**बाबुको नाम, थर:**

**बाजेको नाम, थर:**

**ठेगाना:**

**अवधारणापत्र सहितको व्यावसायिक कार्ययोजना पेश गरेको पद:**

**दस्तखत:**